सम्पादकीय

व्यवसायिक कृषिका लागि सिँचाइ अनिवार्य

सरकारले संसदमा प्रस्तुत गरेको आव २०७९/०८० को बजेटमा कृषि क्षेत्र प्राथमिकतामा परेको छ । चालु आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री जनार्दन शर्माले कृषि तथा पशुपंक्षी विकास मन्त्रालयतर्फ ५५ अर्ब ९७ करोड रुपैयाँ विनियोजन गरिएको बताए । कृषिमा चालु आर्थिक वर्षका लागि छुट्याइएको बजेटको तुलनामा १० अर्ब ८८ करोड रुपैयाँ बढी हो। आर्थिक वर्ष २०७८/०७९ मा कृषि क्षेत्रका लागि ४५ अर्ब ९ करोड छुट्याइएको थियो।

कृषि क्षेत्रमा बजेट वृद्धि हुनु सबैका लागि सुखद कुरा हो। किनकि नेपाल कृषि प्रधान देश हो। अहिले पनि अधिकांश नागरिक कृषि पेशामा आबद्ध छन्। तर नेपाली कृषकको प्रमुख समस्या भनेको व्यवसायिक नभएर निर्वाहमुखी कृषि प्रणालीमा भर पर्नु हो। कृषि पेशालाई आम्दानीसँग जोड्न नसकेकै कारण आर्थिक अवस्थामा सुधार हुन सकेको छैन। सरकारले कृषि क्षेत्रमा ५५ अर्ब ९७ करोड रुपैयाँ विनियोजन गरेको छ। तर अधिकांश किसानले यो रकमको लाभ लिन सक्दैनन्। किनकि उनीहरु व्यवसायिक छैनन् र कागजी प्रक्रिया पूरा गर्न पनि सक्दैनन्।

कृषि क्षेत्रको बजेटमा विगतका अभ्यासहरुलाई हेर्दा व्यापाक दुरुपयोग भएको पाइएको छ। चाहे त्यो संघीय सरकारको बजेट होस् चाहे प्रदेश सरकारको। स्थानीय जनप्रतिनिधिको लापरबाहीका कारण कागजी प्रक्रिया मिलाएर बजेटको व्यापक दुरुपयोग गरिएको छानविनका क्रममा भेटिएको थियो। नक्कली गोठ, गाई, भैंसी कागजमा सीमित गरेर रकम झ्वाम पारिएका घटना विगतको तितो यथार्थ हो। त्यसैले अहिले विनियोजित बजेट दुरुपयोग हुने खतरा छ। चुनावमा सहयोग गरेको नाममा जनप्रतिनिधिका आसेपासेले दुरुपयोग गर्न सक्दछन्। यसतर्फ आम नागरिक सचेत हुन जरुरी छ।

अर्कोतर्फ किसानलाई व्यवसायिक बनाउने हो भने सिँचाइको व्यवस्था गरिनु पर्दछ। बाह्रैमास कृषि उत्पादन गर्ने हो भने पानी आवश्यक पर्दछ। आकासे पानीको भरमा व्यवसायिक कृषि सम्भव छैन। लुम्बिनी प्रदेशको कुरा गर्ने हो भने प्रदेशको आधा खेतीयोग्य जमिनमा सिँचाइको अभाव रहेको छ। तीन तहका सरकारले कृषिका अनेकन शीर्षकमा बजेट विनियोजन गरे पनि सिँचाइ नहुँदा किसान बाली लगाउँदा आकाशे पानीको भरमा बस्नु परेको छ।

लुम्बिनी प्रदेशको कूल १९ लाख ६९ हजार हेक्टर जमिनमध्ये ६ लाख ९७ हजार हेक्टर जमिन खेतीयोग्य छ। लुम्बिनी प्रदेश खेतीयोग्य जमिनका हिसाबले नेपालका सात प्रदेशमध्ये तेस्रोमा छ। प्रदेशमा ३० लाख ८२ हजार मानिस खेतीमा लागेका छन्। लुम्बिनी प्रदेशको पहिलो आवधिक योजना अनुसार ५१ प्रतिशत कृषियोग्य जमिनमा मात्रै सिँचाइ पुगेको छ। सिँचाइ पर्याप्त हुने हो भने जमिन कहिल्यै बाँझो राख्नु पर्दैन। तर किसानले सिँचाइ अभावका कारण एक बाली भित्र्याएर बस्नु परेको छ।

कृषिमा जति नै बजेट छुट्याए पनि महत्वपूर्ण कुरा भनेको सिँचाइ हो। कृषि क्षेत्रको रुपान्तरण गरी उत्पादन वृद्धि गर्न, रोजगारी सिर्जना गर्न, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न एवं अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन सिँचाइको अनिवार्य व्यवस्था हुनुपर्दछ। तराई एवं ग्रामीण क्षेत्रलाई कृषि उत्पादन केन्द्रका रुपमा विकास गर्ने हो भने सिँचाइ विना सम्भव छैन। बजेटलाई साँच्चै कार्यान्वयन गर्ने हो भने सरकारले सबैभन्दा प्राथमिकतामा राखेर सिँचाइको प्रबन्ध गर्नुपर्दछ।

नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाडौं। धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि ओरालो लागेको छ। आगामी आर्थिक वर्षको बजेट सार्वजनिक भएसँगै लगातार दुई दिन नै शेयर बजारमा कारोबार मापक नेप्से ओरालो लागेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३५.५३ अङ्कले ओरालो लागेर दुई हजार १३७.९२ मा ओर्लेको छ। त्यस्तै, ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक ७.११ अङ्कले ओरालो लागेर ४१५.६३ मा सीमित भएको छ। कूल २२९ कम्पनीको ३७ लाख ६९ हजार ८१२ कित्ता शेयर रु एक अर्ब ३१ करोड ७६ लाख ९९ हजार ९० मूल्यमा खरिद बिक्री भए।

कारोबार भएका कूल १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोष उपसमूहको मात्रै शेयर मूल्य उकालो लागेको छ।

अन्य अरु सबै उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ। सामूहिक लगानी कोष ०.०७ अङ्कले उकालो लाग्दा बैंकिङ २९.०१, व्यापार ३३.१५, होटल तथा पर्यटन ३४.३३, विकास बैंक ५४.२६, जलविद्युत् ३०.८७, वित्त २४.११, निर्जीवन बिमा २३६.४२, उत्पादन ४०.०८, अन्य २६.६७, लघुवित्त ७४.७२, जीवन बिमा ७१.८४ र लगानी ०.८२ अङ्कले ओरालो लागेको छ।

कारोबारका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु पाँच करोड ३७ लाख ९८ हजार ८०० बराबरको कारोबार भयो। त्यस्तै, नबिल बैंक रु तीन करोड ९८ लाख ५२ हजार ८०३, हिमालयन डिस्टिलरी रु तीन करोड ६८ लाख २२ हजार ८२०, लाइफ इन्स्योरेन्स कर्पोरेशन रु तीन करोड १३ लाख ३३ हजार ६९३ र नागरिक लगानी कोष रु तीन करोड दुई लाख २६ हजार ४४८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार, उपमकार लघुवित्त ८.२३, एनएमबी पचास ४.१०, सामलिङ पावर कम्पनी ४.०२, एनआइसी एशिया ग्रोथ फण्ड ३.७३, र लाइफ इन्स्योरेन्स कर्पोरेशनका लगानीकर्ताले ३.३५ प्रतिशतले कमाए।

त्यस्तै, नेपाल इन्भेस्टमेन्ट बैंक ९.९८, एनएलजी इन्स्योरेन्स कम्पनी ६.५०, कर्पोरेट डेभलपमेन्ट बैंक ५.७५, मलटीप्रपोज फाइनान्स कम्पनी ५.३८ र प्रभु इन्स्योरेन्स कम्पनीका लगानीकर्ताले ५.२८ प्रतिशतले गुमाए। रासस

महिलामाथि बढ्दो हिंसा

माया गौतम

गर्भवती हुने, बच्चा जन्माउने यो सबै प्रकृतिले दिएको जिम्मेवारी त छँदैछ, चुलोचौको, पारिवारिक व्यवस्थापन, परम्परा रुपमा लिदै आएको जिम्मेवारीले महिलालाई अरु पीडित बनाएको छ। अहिलेसम्मका महिलाका जिम्मेवारीमा पुरुषले सहकार्य गरेमा र जमानाअनुसार महिलालाई चल्न दिए पनि महिला हिंसामा कमी आउने छ र महिला पारिवारिक कलह र हिंसाको शिकार हुनुपर्ने छैन।

केही समयदेखि महिलामाथिका यौन शोषणका कुराले हंगामा नै पिटेको छ। केही समय मत्थर हुन खोजेको देखिए पनि पटक-पटक यौन हिंसाका समाचार आइ नै रहेका हुन्छन्। किन महिलामाथि यति धेरै हिंसा भैरहेका छन् भन्ने प्रश्नले जनमानसको दिमाग खाइरहने गरेको छ। विशेष गरेर महिला र त्यसमाथि अरु धेरै किशोरीहरु यौन हिंसाका शिकार हुने गरेका छन्। यौनसम्बन्धी घटना बढ्नुमा मुख्य कारक तत्व के छ भनेर खोज्नुपर्ने भएको छ। कुनै पनि प्रकारको हिंसा भनेको कसैले कसैमाथि मानवता हिन गतिविधि हो भन्ने बुझिन्छ। हिंसा विभिन्न किसिमका हुन्छन्। जातीय हिंसा, सम्पन्नले विपन्नलाई गर्ने हिंसा, रंगको आधारमा गरिने हिंसा, बौद्धिक अपांग अथवा फरक क्षमताका मानिसलाई देखेर गर्ने हिंसा आदि यस्ता धेरैखाले हिंसा हाम्रो समाजमा हुने गरेका छन्।

यहाँ उठाउन खोजेको विषय लैंगिक आधारमा गरिने हिंसा हो। हामीले देख्ने गरेका छौं एउटा छोरी मान्छे भएकै कारण कति हिंसा खेप्नुपर्छ। हिंसा जसले भोगिरहेको हुन्छ त्यसबाट पर्ने शारीरिक तथा मानसिक पीडा पनि उसैले महसुस गरिरहेको हुन्छ। वास्तवमा भन्ने हो भने महिलाका निम्ति कुनै पनि ठाउँ सुरक्षित छैनन्। ८० वर्षको आमादेखि २ वर्ष पुग्न नभ्याएका बालिकासम्म यौन शोषणमा पर्ने गरेका समाचार आइरहेका छन्। यौन शोषण या बलात्कार जस्ता जघन्य अपराधका कारण कैयौं महिलाहरुको ज्यान जाने गरेको छ। किन पशुभन्दा तल गिरेर मानसिक सन्तुलन गुमाए सरह यो गतिविधिमा मानिसहरु लागिरहेका छन् ? यो सबै कृयाकलापहरु कमजोर ऐन कानून र सामाजिक विकृतिका कारण भैरहेको छ।

महिला वा युवती विभिन्न ठाउँ जस्तै बसमा सफर गर्दा, आफ्नो कर्यक्षेत्रमा वा यस्तै विभिन्न ठाउँमा हिंसामा पर्ने गर्छन्। जुनसुकै उमेरको पुरुष किन नहोस एउटी महिला देख्नासाथ गिद्धे नजर लगाएकै हुन्छ। आफू बसेको ठाउँमा नजिक नजिक बन्नु निदाएजस्तो गरेर युवतीको शरीरमा ढल्किनु, बस आदिमा भिडमा उभिएको भए कुहिनाले स्तनमा धकेल्ने पछाडिदेखि धकेलिए जस्तो बहाना गरेर युवतीको पछाडिदेखि धकल्ने जस्ता क्रियाकलापले महिलामाथि हिंसा गरिरहेकै देखिन्छ। यतिमात्रै होइन बसमा खचाखच यात्रु भर्ने र बोनटमा युवती राखेर चालकले ध्यान त्यतै केन्द्रित गर्ने गर्दा कति बस दुर्घटनामा परेका र निर्दोष यात्रुको ज्यान जाने अपांग हुने भएको हामीले देखेकै छौं। यो भनिरहँदा महिला सत प्रतिशत सज्जन छन् भन्न खोजेको अर्थ नलागोस्। कमी कमजोरी महिलामा पनि हुने भएर पनि यस्ता घटना हुने गरेका छन्।

कुनै पनि कामकाजी ठाउँमा महिला यौन हिंसामा पर्ने गरेका छन्। मिडिया हाउसदेखि कलकारखाना विद्यालय आदि कहीं पनि महिलामाथि यौन हिंसा हुने गरेको छ। कतिपय विद्यालयमा शिक्षकबाट नै छात्राहरु सुरक्षित छैनन्। मतलब यौन हिंसा त्यहाँ पनि उत्ति छ। घरदेखि विद्यालयसम्म जाने सार्वजनिक बसको त कुरै नगरौं स्कुल बसमा सम्म यौन हिंसा हुने गरेको कुरा बाहिर आइरहेको छ। यसरी यौन हिंसा बढ्नुमा को दोषी भन्ने पनि कुरा आउन सक्छ। दोषी हाम्रो समाज पनि छ। हाम्रो समाजमा पुरुषलाई जे गर्न पनि छुट छ। अर्को कुरा पैसा र पहुँचका भरमा दोषीले उन्मुक्ति पाउने चलनले पनि यौन हिंसा बढिरहेको छ।

दक्षिण एशियाली राष्ट्रमा जातका कुरा र परम्परावादी सोंच जस्ता विषयले महिलाहरु माथि उठ्न सकिरहेका छैनन्। यसैकारण यी मुलुकहरुमा विकास हुन पनि सकिराखेको छैन। यी राष्ट्रहरुमा महिला भनेका दासी हुन, बच्चा जन्माउने मेसिन हुन आदि भन्ने सोंच छ। महिलाले अवसर पाए पुरुष बराबर काम गर्न सक्छन् भन्ने चिन्तन यी राष्ट्रका मानिसमा नहुनुका कारण नै महिला पछि परेको देखिन्छ। त्यसको परिणाम यी राष्ट्रहरु नै अविकसित मुलुकमा पर्दछन्। भनिन्छ पश्चिमेली मुलुक छाडा छन्, ती देशहरु जस्तो हाम्रो देश बन्नु हुँदैन, तर महिलामाथि हुने हिंसा बलात्कार हत्या जस्ता क्रियाकलापको अन्त्य गर्न हाम्रो देशका मानिसको रुढीवादी चिन्तनमा परीवर्तन हुन जरुरी छ।

हाम्रो देशमा प्रत्येक महिना जस्तो महिलाहरु झुण्डीएको, विष सेवन गरेको, नदीमा हाम फालेको, झाडीहरुमा मृतअवस्थामा भेटिएको जस्ता घटनाले सनसनी मच्चाइरहेको हुन्छ। यस्ता घटनाले कति बालबालिका टुहुरा हुने गरेका छन्। कती छोरीका आमा बाबु आंशुको भलसँगै पीडामा डुबेका छन्। यो सबै हाम्रो धर्म संस्कृति रहन सहन परम्परावादी सोंच आदि यसैको उपज हो भन्ने लाग्छ। विश्वको परिवर्तनसँगै आएका विज्ञान प्रविधिको विकासले मानिसहरुको दिमागको ढोका खोलिदिएको छ। मानिसले विज्ञान प्रविधिको विकाससँगै आफूलाई बदल्न चाहन्छ तर हाम्रो समाज यस्तो छ जस्ले जमानाअनुसार परिवर्तन हुन छेकिराखेको छ। यसैको परीणाम जघन्य अपराध हुने र विभिन्न घटना घटने गरेका छन्।

पछिल्लो समय बढ्दो महँगी र मानिसमा आएको बिलासीताले खर्च थेग्नै हम्मेहम्मे पारीराखेको छ। बजारमा आएका नयाँ शैलीका फोनलगायतका बिलासीताका सामानमा किशोर किशोरीको बढ्दो आकर्षण छ। टिनएजमा चल्दै गरेका युवायुवतीको चञ्चलेपन, मोजमस्ती गर्ने रहर जसले गर्दा खर्च व्यवस्थापन गर्न अपनाउने गलत बाटाहरु जस्तै यौन धन्दा गर्ने, चोरी गर्ने, ढाँट्ने, छल्ने जस्ता काममा लाग्ने यो पनि एउटा विकृतिका रुपमा श्रृजना भएको छ।

लिङ्गको आधारमा गरीने यौन हिंसाको शिकार कैयौं महिलाहरु हुने गरेका छन् र पनि इज्जतको डर, बदनाम भए विहे नहुने डर, विवाहिता छन् भने श्रीमानले छोड्ने डर, समाजले तिरस्कार गर्ला भन्ने पिर जस्ता थुप्रै कारणले गर्दा चुपचाप बस्ने गरेको पाइन्छ। केही सार्वजनिक भएका केसमा पनि के भनिन्छ भने स्वार्थ पूरा हुञ्जेल चुपचाप स्वार्थ पूरा भएपछि बलात्कार, यस्तो भनाइले पनि धेरै बलात्कारका केस या यौन हिंसाका विषय बाहिर आउँदैनन्। कतिपय यौनको शिकार आर्थिक प्रलोभनमा पारेर पनि हुने गरेको छ। प्रायः जबर्जस्ती बलात्कार सामूहिक बलात्कार आदि जस्ता घटनामा किशोरीहरुको हत्या हुने गरेको छ।

रुपन्देहीको हकमा केही घटना लगातार यस्ता घटे कि पारिवारिक झैंझगडा विशेष गरेर श्रीमान श्रीमती बीचको मन मुटाब, रिसको आवेगमा आएर गर्ने हत्या, झुण्ड्याएर वा विषका डब्बा राखेर गरिने नाटक जस्ता घटनाले महिलाहरुलाई अरु आतंकित पारेको छ। यसो हेर्दा महिला डाक्टर, पाइलट, इञ्जिनियर जे-जे बने पनि हिंसामै छन्। गर्भवती हुने, बच्चा जन्माउने यो सबै प्रकृतिले दिएको जिम्मेवारी त छँदैछ, चुलोचौको, परिवारिक व्यवस्थापन, परम्पराका रुपमा लिंदै आएको जिम्मेवारीले महिलालाई अरु पीडित बनाएको छ। अहिलेसम्मका महिलाका जिम्मेवारीमा पुरुषले सहकार्य गरेमा र जमानाअनुसार महिलालाई चल्न दिए पनि महिला हिंसामा कमी आउने छ र महिला पारिवारिक कलह र हिंसाको शिकार हुनुपर्ने छैन।

स्थानीय तहमा नयाँ जनप्रतिनिधिहरूले सिफारिस गर्ने अधिकार र कागजातहरू

टेकराज पन्थी

गातांकको बाँकी

तीनपुस्ते प्रमाणित वा सिफारिस प्रकृयाका लागि विस्तृत विवरण खुलेको निवेदन, नागरिकताको प्रतिलिपि, सम्बन्धित घर वा जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, सबै व्यक्तिको हालसालै खिचेको फोटो, हालसम्म कर तिरेको रसिद, सर्जमिन मुचुल्का भएपछि मात्र सिफारिशको प्रकृया पुरा हुन्छ।

उद्योग दर्ता, नामसारी र ठाउँ सारी सिफारिस प्रकृयामा विस्तृत विवरण खुलेको निवेदन, निवेदकको नागरिकताको प्रमाणितप्रति, सम्बधित वार्ड कार्यालयको सिफारिस, स्थलगत मुचुल्का, निरीक्षण र अनुगमन प्रतिवेदन, बहालमा रहेकोमा घर बहाल तिरेको निस्सा र सम्झौता पत्रको प्रतिलिपि, घर नक्सा पासको कागजपत्रको प्रतिलिपि, उद्योग भएको ठाउँको स्थानीय जनताको सहमति तथा सर्जमिन मुचुल्का, ठाउँ सारीको लागि कहाँबाट कहाँ जाने हो विस्तृत विवरण, लाग्ने शुल्क बुझाएको हुनु पर्दछ।

अंग्रेजी भाषामा प्रमाणित (आम्दानी, आयश्रोत लगायत) गर्ने प्रकृयाका लागि विस्तृत विवरण खुलेको निवेदन, निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, सम्बधित वार्ड कार्यालयको सिफारिस, बहालमा रहेकोमा घर बहाल कर तिरेको निस्सा र सम्झौता पत्रको प्रतिलिपि, घर नक्सा पासको कागजपत्रको प्रतिलिपि, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, जग्गाधनी प्रमाण पात्र को प्रतिलिपि, अन्य आयश्रोत भए खुल्ने कागज, लाग्ने शुल्क बुझाएको रसिद आदि आवश्यक पर्दछ।

खानी सञ्चालन अनुमति सिफारिस प्रकृया पुराउनका लागि विस्तृत विवरण खुलेको निवेदन, निवेदकको नागरिकताको प्रमाणित प्रतिलिपि, सम्बधित वार्ड कार्यालयको सिफारिस, स्थलगत मुचुल्का, निरीक्षण र अनुगमन प्रतिलिपि, बहालमा रहेकोमा कर तिरेको निस्सा र सम्झौता पत्रको प्रतिलिपि, खानी सञ्चालन हुने ठाउँको स्थानीय जनताको सहमति तथा सर्जमिन मुचुल्का, नियमानुसार लाग्ने रोयल्टी, दस्तुर, शुल्क बुझाएको रसिद, खानी विभागबाट अनुमति लिनुपर्ने खानीको हकमा खानी विभागले तोकेका कागजातहरु आवश्यक पर्दछ।

वडाबाट गरिने सबै प्रकारका काम वा सिफारिश कार्य वडा कार्यालयको नाममा हुने छ। त्यस्तो काम वा सिफारिश वडाध्यक्षले गर्नुपर्ने व्यवस्था रहेको छ। वडाध्यक्ष उपस्थित नहुने अवस्थामा वडा समितिको दैनिक प्रशासनिक तथा सिफारिससम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिनुपर्ने छ।

हरेक सिफारिससम्बन्धी कार्य गर्दा कस्तो प्रकारको सेवा आवश्यक हो ? अधिकार क्षेत्रको विषय हो होइन ? कार्यालयबाट के कस्ता ढाँचा तोकिएको छ ? तोकिएको ढाँचा प्रयोग भएको छ छैन ? सेवा बापत कति शुल्क वा जरिवाना लाग्छ ? शुल्क तिरेको रसिद छ छैन ? सेवा प्राप्त हुने दिन समय र बार कुन हो ? पत्रको मिति आजको हो होइन ? थप बुझ्नुपर्ने केही भएमा सम्बन्धित पदाधिकारी वा कर्मचारीलाई बुझ्नु पर्दछ।

वडामा समावेशी सदस्यको भूमिकामा वडा समितिको बैठक, कार्यपालिकाको बैठक र सभा बैठकहरुमा उपस्थित हुने, उल्लेखित बैठकका निर्णयहरुमा समावेशीलगायतका विषयहरुको उठान गर्ने, टोल विकास संस्था तथा उपभोक्ता समिति गठन र परिचालन गर्न सघाउने, आफ्नो वडाभित्र समता र समानता कायम हुने गरी सेवा र विकासका कार्यक्रम बनाउन, कार्यान्वयन, अनुगमन समेत गर्ने, लैङ्गिक तथा समावेशी पक्षका विषयहरुका लागि गरिने वकालतमा सहयोग लिने र कार्यगत समन्वयका लगि पहल गर्ने, राज्यद्वारा प्रदान गरिएका सामाजिक सुरक्षा, शैक्षिक छात्रवृत्ति, निःशुल्क स्वास्थ्यसेवा, सरसफाइलगायतका विभिन्न सेवाबारे लक्षित वर्ग र समुदायमा जानकारी गराइ त्यस्ता सेवा र सेवा प्राप्तिका लागि पहुँच बढाउने काम गर्नु पर्दछ। योजनाको माग सङ्कलन प्राथमिकता र तर्जुमा प्रक्रियामा बालबालिका, महिला, दलित, तथा अपाङ्ता भएका व्यक्तिको खासखास आवश्यकतालाई उजागर गरी प्रत्यक्ष लाभका विषय योजनामा राख्न लगाउने गर्नु पर्दछ। राष्ट्रिय प्राथमिकता तथा अन्तर्राष्ट्रिय चासो र सरोकारका विषय तथा मानव अधिकारका विषयमा जनचेतना बढाउने, त्यसमा सहभागिता र अवसरको लागि वकालत पैरवी गर्ने, सामाजिक परिचालनका कार्यहरु गर्ने, सभा, कार्यपालिका, वडा समिति तथा वडा अध्यक्षले अधिकार दिएका कार्यहरु गर्ने।

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारको सूचीअनुसारका अधिकार र अनुसूची ९ अनुसारको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची बमोजिमका अधिकारहरु प्रयोग गर्न सकिने कानूनी व्यवस्था रहेको छ। साथै विभिन्न संघीय कानूनअन्तर्गत स्थानीय तहको काम कर्तव्य अधिकार भनेर छुट्टाएका कार्यहरु पनि पर्दछन्। यसमा अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४ ले दिएको आर्थिक कार्यक्षेत्र तथा राजश्व बाँडफाँड अनुदान, आन्तरिक ऋण, सार्वजनिक खर्च व्यवस्थापन, राजश्व र व्ययको अनुमान र वित्तीय अनुशासनसम्बन्धी कार्य, अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४:अपाङ्ग भएका व्यक्तिलाई निःशुल्क शिक्षा उपलब्ध गराउने, अपाङ्ग व्यक्तिको दायित्वसम्बन्धी कार्य, उपभोक्ता संरक्षण ऐन, २०५५ ले स्थानीय बजार अनुगमन समितिमार्फत सुलभ मूल्यमा गुणस्तरीय तथा स्वस्थ बस्तु तथा सेवाको उपलब्धातासम्बन्धी कार्य, खाद्य ऐन, २०२३ ले अनुगमन तथा निरीक्षण अधिकारअन्तर्गत स्वच्छ खाद्यवस्तुको उपलब्धतासम्बन्धी कार्य, खाद्य अधिकार तथा खाद्य सम्प्रुभतासम्बन्धी ऐन, २०७५ ले तोकेको स्थानीय तहको काम कर्तव्य र अधिकारसम्बन्धी कार्य, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६ अनुसार स्थापना हुने सेवा केन्द्र सञ्चलन तथा व्यवस्थापनसम्बन्धी कार्य, जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता) गर्ने ऐन २०३३ ले दिएको अधिकारअन्तर्गत जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता एवं अभिलेखसम्बन्धी कार्य, जलचर संरक्षण ऐन, २०१७ अनुसार जलचर संरक्षणसम्बन्धी कार्य, जलश्रोत ऐन २०४९ ले दिएको अधिकारअन्तर्गत स्थानीय जल उपभोक्तासम्बन्धी संस्था दर्ता नियमन तथा स्थानीय तहले जलश्रोत उपयोग वा विकास गर्नेसम्बन्धी कार्य, आवश्यक वस्तु संरक्षण ऐन, २०१२ अनुसार आवश्यक बस्तुको हेरचाह नगरपालिकाले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रवन्ध मिलाउनु पर्ने, आवासको अधिकारसम्बन्धी ऐन, २०७५ अनुसार आवास सुविधा उपलब्ध गराउने कर्तव्य स्थानीय तह समेतको हुने, तथ्याङ्क ऐन, २०१५ अनुसार स्थानीय तहले विवरण वा तथ्याङ्क संकलन गर्नेसम्बन्धी कार्य, नगर विकास ऐन, २०४५ अनुसार स्थानीय तहले जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेसम्बन्धी कार्य, जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ अनुसार परिचयपत्र उपलब्ध गराउनेसम्बन्धी कार्य, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार फोहरमैलाको प्रबन्धसम्बन्धी सम्पूर्ण कार्य, बालबालिकासम्बन्धी ऐन, २०७५ अनुसार बालबालिकाको अधिकार प्रचलन गराउने सम्बन्धी कार्य, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ अनुसार रोजगार केन्द्रसम्बन्धी कार्य, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिसम्बन्धी तथा त्यसको काम, कर्तव्य र अधिकारसम्बन्धी कार्य, भूउपयोग ऐन, २०७६ अनुसार जग्गाधनी श्रेष्ता र प्रमाणपुर्जा अद्यावधिक तथा भूउपयोग परिवर्तन गर्नेसम्बन्धी कार्य, राष्ट्रिय प्रशारण ऐन, २०४९ अनुसारको अधिकारको प्रयोग : एफ.एम. इजाजत दिने कार्य, शिक्षा ऐन, २०२८ अनुसारको काम कर्तव्य र अधिकारः विद्यालय व्यवस्थापनसम्बन्धी कार्यहरु पर्दछन्।

अन्त्यमा, स्थानीय तहका जनप्रतिनिधिहरुले नेपालको संविधान,२०७२, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र संघीय सरकारले प्रत्यायोजन गरेका कार्यहरु समेत स्थानीय तहले कार्य सम्पादन गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। यी सबै विषयको ज्ञान हुन सकेमा सेवा प्रवाह चुस्त, दुरुस्त, प्रभावकारी र सुशासन मैत्री हुनेमा विश्वास गर्न सकिन्छ।

(लेखकः नेपाल सरकारका उपसचिव एवं वाणगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ।)

कालीगण्डकी डाइभर्सनको विरुद्ध फेरि आन्दोलन

प्रकाश डोटेल
स्याङ्जा

कालीगण्डकीको पानी राम्दीबाट डाइभर्सन गरी रुपन्देहीको तिनाउ नदिमा लैजाने योजनाविरुद्ध चापाकोट र रामपुरका जनप्रतिनिधिहरु फेरि आन्दोलनमा लागेका छन्। सरकारले आर्थिक वर्ष २०७९/०८० को लागि सार्वजनिक गरेको वार्षिक बजेटमा कालीगण्डकी राम्दी-तिनाउ डाइर्भसनको अध्ययन कार्य अगाडि बढाउने उल्लेख गरेपछि उनीहरु आन्दोलनमा लागेका हुन्।

आन्दोलन स्वरुप स्याङ्जाको चापाकोटका नगरप्रमुख ईश्वर खाँण र पाल्पाको रामपुरका नगरप्रमुख रमण थापाले परियोजनाको विरोध गरेका छन्। नगर प्रमुखद्धयको नेतृत्वको टोलीले प्रधानमन्त्री तथा काँग्रेस सभापति शेरबहादुर देउवालाई र उर्जा तथा सिंचाइ मन्त्री पम्फा भूषाललाई ध्यानाकर्षण पत्र बुझाउँदै परियोजना अगाडि नबढाउन आग्रह गरेका छन्।

प्रधानमन्त्री तथा सभापति देउवालाई काँग्रेस उपसभापति धनराज गुरुङमार्फत ध्यानाकर्षण-पत्र बुझाइएको हो। ध्यानाकर्षण-पत्र बुझ्दै उपसभापति गुरुङले आफु परियोजनाको विपक्षमा रहेको स्पष्ट पार्दै प्रधानमन्त्री तथा सभापति देउवालाई पनि आफूले यसलाई अगाडि नबढाउन आग्रह गरेको जानकारी दिए।

परियोजनाबाट राम्दीदेखि तल्लो स्याङ्जा, पाल्पा, तनहुँ र नवलपुर क्षेत्रका लाखौं बासिन्दालाई अन्याय हुने र विस्थापित हुनुपर्ने अवस्था सृजना हुने उनले बताएका छन्। एकातिर अन्याय गरेर अर्कोतिर हराभर गराउने परियोजना अगाडि बढाउन नहुनेमा गुरुङले जोड दिएका छन्।

दुबै नगरप्रमुख टोलीको ध्यानाकर्षण-पत्र बुझ्दै उर्जामन्त्री भूषालले पनि परियोजना अगाडि नबढ्ने कुरामा ढुक्क हुन आश्वस्त पारेकी छन्। उनले आफू पनि परियोजनाका बारेमा पर्याप्त जानकार रहेकाले परियोजनाको आवश्यकता, औचित्य र सान्दर्भिकता नरहेको स्पष्ट पारिन्। ध्यानाकर्षण-पत्रमा आयोजना अगाडि बढाउँदा कालीगण्डकीको राम्दी भन्दा तल्लो तटीय क्षेत्रका बासिन्दाको दैनिकीदेखि सांस्कृतिक, धार्मिक र वातावरणीय लगायत मानव सभ्यतासहित विविध पक्षमा नकारात्मक असर पर्ने उल्लेख गरिएको छ। क्षेत्रीय विकासको अवधारणा विपरीतको कार्य हुने र विकासका नाममा विनाशको परियोजना भएकोले ध्यानाकर्ष-पत्रमा लागत, उपलब्धि एवं तटीय क्षेत्रका बासिन्दाको भौगोलिक आवश्यकतालगायतका आधारमा अनुपयुक्त परियोजना भएकोले यो परियोजना खारेजीको माग गरिएको छ।

स्थानीयको आग्रह विपरित परियोजनालाई कार्यान्वयमा लगेमा चरणबद्ध आन्दोलन अगाडि बढाउने बाध्य हुने चेतावनी समेत दिइएको छ। उनीहरुले डाइभर्सनको सट्टा तटीय क्षेत्रका उर्बर भूमि सिंचित गर्ने मेघा परियोजना घोषणा गर्नुपर्ने माग गरेका छन्।

विगतमा पनि सरकारले परियोजनालाई अगाडि बढाउन खोजेकोमा प्रभावित क्षेत्रका बासिन्दाको विरोधले काम रोकिएको थियो। त्यसैबीच सर्वोच्च अदालतमा परियोजना विरुद्धको मुद्दा विचाराधीन छ। किनारा नलागेको मुद्दामा विचाराधीन परियोजनालाई अगाडि बढाउन खोज्नु आफैमा न्यायिक जनसरोकारको हित विपरीत हुने उनीहरुको भनाई छ।

पाल्पामा पनि विरोध

सरकारले गत आइतबार संघीय संसदमा पेश गरेको आर्थिक वर्ष २०७९/८० को वार्षिक बजेटमा कालीगण्डकी–राम्दी–तिनाउ डाइर्भसनको अध्ययन कार्य अगाडी बढाउने उल्लेख गरेको छ।

अर्थमन्त्री जनार्दन शर्माले संसदमा प्रस्तुत गरेको बजेटमा कालीगण्डकी-तिनाउ डाइर्भसन आयोजनाको अध्ययनकार्य अघि बढाउने विषयलाई समावेश गरेपछि तल्लो तटिय क्षेत्रका जनप्रतिनिधिले विरोध गर्दै ध्यानाकर्षण गराएका छन्। कालीगण्डकीको पानी राम्दीबाट डाइभर्सन गरेर तिनाउँ नदीमा लैजाने योजनाविरुद्ध राम्दीदेखि तल्लो क्षेत्रमा बसोबास गर्ने स्थानीयवासीले पटक-पटक विरोध गर्दै आइरहेका छन्। पाल्पाको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापा र स्याङ्जाको चापाकोट नगरका प्रमुख ईश्वर खाँण नेतृत्वको टोलीले सोमवार प्रधानमन्त्री तथा काँग्रेस सभापति शेरबहादुर देउवालाई र उर्जा तथा सिँचाइमन्त्री पम्फा भूसालललाई ध्यानाकर्षण पत्र बुझाउँदै आयोजना अगाडि नबढाउन आग्रह गरिएको छ।

प्रधानमन्त्री तथा सभापति देउवालाई कांग्रेस उपसभापति धनराज गुरुङमार्फत ध्यानाकर्षणपत्र बुझाइएको हो। उपसभापति गुरुङले आफू पनि यस परियोजनाको विपक्षमा सधैं रहेको स्पष्ट पार्दै प्रधानमन्त्री तथा सभापति देउवालाई पनि आफूले यसलाई अगाडि नबढाउन आग्रह गर्ने जानकारी दिए।

उर्जामन्त्री पम्फा भूसालले ध्यानाकर्षण पत्र बुझ्दै सो परियोजनाका बारेमा आफूपनि जानकार रहेकाले आयोजना अगाडी नबढ्ने कुरामा ढुक्क हुन आश्वस्त दिएका छन्। ध्यानाकर्षण पत्रमा यो आयोजना अगाडि बढाउँदा कालीगण्डकीको राम्दीभन्दा तल्लो तटीय क्षेत्रका बासिन्दाको दैनिकी, साँस्कृतिक, धार्मिक र वातावरणीयलगायत मानव सभ्यताका विविध पक्षमा नकारात्मक असर पर्ने उल्लेख गरिएको छ।

'समान क्षेत्रीय विकासको अवधारणा विपरितको कार्य हुने र विकासका नाममा विनाशको परियोजना भएकोले यस्को लागत, उपलब्धि एवम् तटीय क्षेत्रका बासिन्दाको भौगोलिक आवश्यकतालगायतका आधारमा अनुपयुक्त आयोजना भएकोले यो परियोजना खारेजीको माग गर्दछौं।'- ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ।

स्थानीय बासिन्दाको आग्रह विपरित परियोजनालाई अगाडी बढाउन खोजेमा चरणबद्ध आन्दोलन अगाडि बढाउन बाध्य हुने चेतावनी समेत दिइएको छ। धार्मिक तथा पर्यटकिय कालीगण्डकी नदीलाई डाइभर्सन गरियो भने तल्लो तटिय आसपासका क्षेत्रमा नराम्रो प्रभाव पार्ने रामपुर नगरप्रमुख रमणबहादुर थापाले बताए।

'कालीगण्डकी नदी हाम्रो सभ्यता हो, नदीलाई डाइभर्सन गरेर पानी अन्यत्र लगियो भने तल्लो क्षेत्र उजाडमय हुनेछ, पानीका मुहान सुक्ने, यसले पर्यावरणमा नराम्रो असर पार्छ, यसको बिरोधमा नगर सरकारले आवाज उठाइरहेको छ।'- नगर प्रमुख थापाले भने।

बिगतमा पनि सरकारले यस आयोजनालाई अगाडि बढाउन खोजेकोमा प्रभावित क्षेत्रका बासिन्दाको विरोधका कारण काम रोकिएको थियो। त्यसैगरी, सर्वोच्च अदालतमा विचाराधीन समेत रहेको यस आयोजनालाई अगाडी बढाउन खोज्नु आफैमा न्यायिक जनसरोकारको हित विपरीत हुने उनीहरुको भनाई छ।

विश्वकै एकमात्र शालिग्राम पाइने पवित्र कालीगण्डकी नदी डाइभर्सन कार्य कुनै पनि हालतमा गरिनु नहुने बताउँछन्, कालीगण्डकी संरक्षण अभियानका अभियान्ता तथा समाजसेवी कुलराज चालिसे। रामपुर नगरले कालीगण्डकीको सभ्यता जोगाउन र यसलाई आयआर्जनसँग जोड्न व्यावसायिक रुपमा जालयात्रा सञ्चालनका लागि युवालाई तालिम प्रदान गरिसकेको छ।

गुल्मेली सम्पर्क समाजको स्थापना दिवस

बुटवल। गुल्मेली सम्पर्क समाज रुपन्देहीले मङ्गलबार १९औं स्थापना दिवस, सम्मान तथा बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा संस्थापक कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू र तिलोत्तमा नगरपालिकाका नव निर्वाचित नगरप्रमुख रामकृष्ण खाँणलाई सम्मान गरिएको थियो भने सम्पर्क समाजमा पाँच हजार पाँच सय पचपन्न दिएर आजीवन सदस्यता लिने गुल्मेलीहरूलाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा ज्येष्ठ नागरिक मिलन केन्द्रका गतिविधिबारे अध्यक्ष यदुनाथ पाण्डेले, श्रृङ्गेश्वर धामका गतिविधिबारे धामका अध्यक्ष ऋषि भण्डारीले जानकारी दिएका थिए भने समाजका सल्लाहकार बालकृष्ण भुसालले गुल्मेली सम्पर्क समाजको विगतसम्बन्धी प्रसङ्ग उल्लेख गर्दै आगामी गतिविधिमा सबैले साथ दिनुपर्ने विचार व्यक्त गरेका थिए।

त्यसैगरी समाजका संस्थापक अध्यक्ष ई. हिराबहादुर भलामीले स्थापनाकालीन गुल्मेली सम्पर्क समाजका गतिविधि, यसका आरोह र अवरोहका बारेमा उल्लेख गर्दै समाज विशुद्ध सामाजिक भावनाबाट चलिरहेको हुनाले यसका गतिविधिमा सबैले मन, वचन र कर्मले साथ दिनुपर्ने बताएका थिए भने वर्तमान अध्यक्ष डा. नारायणप्रसाद पन्थले समाजले गरिरहेका विभिन्न गतिविधिका बारेमा जानकारी गराउँदै समाजका कार्यमा सबैको साथ, सहयोगको अपेक्षा गरेको कुरा बताए। प्रमुख अतिथि तिलोत्तमा नगरपालिकाका नवनिर्वाचित नगरप्रमुख रामकृष्ण खाणले राज्यले गर्नुपर्ने काम गुल्मेली सम्पर्क समाज रुपन्देहीले गरेकोमा खुसी व्यक्त गर्दै गुल्मेली सम्पर्क समाजको गुरुयोजनाअनुसार सञ्चालनको तयारीमा रहेको ज्येष्ठ नागरिक मिलनकेन्द्रको आजीवन सदस्यता आफूले लिने घोषणासहित समाजका बृहत् मानवीय सामाजिक गतिविधिमा स्थानीय सरकारको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

समाजका सचिव पुरुषोत्तम पाण्डेयको संयोजकत्वमा सम्पन्न १९औं स्थापना दिवस, सम्मान तथा बृहत् रक्तदान कार्यक्रममा उपाध्यक्ष पारसमणि भण्डारीले जलपान व्यवस्थापन, सहकोषाध्यक्ष अर्जुन कुँवरले रक्तदान कार्यक्रमको संयोजन तथा उपाध्यक्ष सङ्गीता अर्याल, कोषाध्यक्ष विजय खनाल, सदस्य हेम थापा, बोमलाल भण्डारी, सिर्जना मरासिनी, गीता कँडेललगायतले कार्यक्रमका विविध विषयमा सहजीकरण गरेका थिए भने सल्लाहकार तथा वरिष्ठ पत्रकार खिमानन्द भट्टराईले धन्यवाद मन्तव्य दिएका थिए।

समाजका अध्यक्ष डा. नारायणप्रसाद पन्थको अध्यक्षता, तिलोत्तमा नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाणको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमा समाजका उपाध्यक्ष कृष्णप्रसाद भण्डारीले स्वागत मन्तव्य, साहित्यकार रुद्र ज्ञवालीले कविता वाचन गरेका थिए।

कार्यक्रमको सञ्चालन महासचिव कृष्णप्रसाद पोखरेलले गरेका थिए।

सात वर्षमा पोखरा-जोमसोम रुटमा तारा एयरको दुई ठूला दुर्घटना

पोखरा। जोमसोम रुटमा उडान भर्दै आएको तारा एयरका विमान सात वर्षमा दुई ठूला दुर्घटनामा परेका छन्। आइतबार पोखराबाट बिहान ९:५५ बजे उडेको २२ जना सवार तारा एयरको ९ एनएइटी ट्वीनअटर जहाज मुस्ताङको थासाङ गाउँपालिका-२ कोबाङस्थित सानुसरेमा दुर्घटनामा परेको थियो।

प्रतिकूल मौसम र भौगोलिक कठिनाइका कारण जहाज दुर्घटनामा परेको एक दिनपछि मात्रै हिमालको फेदीको सानुसरेमा जहाज ठोक्किएर दुर्घटना भएको घटनास्थल पत्ता लागेको थियो। दुर्घटनामा चालक दलसहित २२ जनाको मृत्यु भएको छ।

जोमसोम विमानस्थल नपुग्दै कोबाङको सानुसरे डाँडोमा ठोक्किएर दुर्घटनामा परेको विमानमा सवार सबैको शव सङ्कलन गरी काठमाडौं पठाइएको छ। तारा एयरको यसअघि २०७२ फागुन १२ गते तारा यएरको ९-एनएएचएच ट्वीनअटर विमान म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाको सोलीघोप्टे भिरमा दुर्घटना भएको थियो।

उक्त दुर्घटनामा दुई विदेशी नागरिक र चालक दलका तीनसमेत गरी २३ जनाको मृत्यु भएको थियो। सात वर्षको अवधिमा आइतबार भएको दोस्रो दुर्घटना हो। त्यसैगरी २०७३ भदौ ३ गते जोमसोमबाट पोखराका लागि उडान भर्न लागेको तारा यएरकै ९ एमइक्यु ट्वीनअटर विमान धावनमार्गमा पाङ्ग्रा नखुलेपछि कालीगण्डकी नदीमा खसेको थियो।

पोखरा-जोमसोम रुटमा उडान भर्ने विमानले म्याग्दीको घोरेपानीसम्म पोखराको टावर र लेतेमाथिको आकाशदेखि जोमसोमसम्म जोमसोम विमानस्थलको टावरसँग सम्पर्क हुने भए पनि पहाड र हिमालको अवरोधका कारण घोरेपानीदेखि लेतेको आकाशसम्म विमान दुवैतर्फको सम्पर्कबाट विच्छेद हुन्छन्। योबीचको दूरी पार गर्न विमानलाई पाँचदेखि छ मिनेट लाग्ने गर्छ। दुवैतर्फको टावरबाट विच्छेद हुने 'बफर जोन'को यही मार्गमा धौलागिरि र अन्नपूर्ण हिमालको बीच भएर विमानले उडान भर्नुपर्छ। रासस

बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही।

वोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

(प्रकाशित मिति :- २०७९/०२/१८)

बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट क्रमशः मिति २०७९/०१/०६ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार ई-विडिङ्ग मार्फत म्यादभित्र दर्ता हुन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृत हुने प्रक्रियामा रहेको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

ठेक्का नं.	कामको विवरण	ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना	कबोल अंक भ्याट सहित रु.
३४/०७८/०७९	बुटवल नगरकार्यपालिका कार्यालय परिसर भित्र ने.न.क.ए. इकाई समिति, बुटवलको भवन निर्माण कार्य।	श्री चन्द्र तिला कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाण्डौं -१२।	५४,४५,०९७.४४

बुटवल उप-महानगरपालिकाय
नगर कार्यपालिकाको कार्यालय

Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive
Jhadewa, Palpa, Lumbini Province

Invitation For Bids

Notice No:-08-078-79
First Date of Publication:-2079-02-18 BS, 2022-06-01 AD

Mathagadhi Rural Municipality, Office of the Rural Municipal Executive invites only electronic bids for the eligible bidders for the following works.

S.N.	Contract Identification Number	Description of Works	Estimated Amount (without vat)	Bid Security Amount	Bid Validity Period	Bid Document Fee
1.	MRM/B/NCB/WORKS/21-078-079	Construction RCC frame structure Building of Mahendra Naresh Ma. Vi.	37,23,570.05	1,10,000.0	90 days	3000.00
2.	MRM/B/NCB/WORKS/22-078-079	Construction RCC framed structure Building of Balbikash Aa. Vi.	23,72,643.18	70,000.0	90 days	3000.00

Further information to Bidders:-

	For National Competitive Bidding
Last Date and time of Bid Submission	2079-03-17 BS, 2022-07-01 AD 12:00 PM
Date, time and place of Bid opening	2079-03-17 BS, 2022-07-01 AD 01:00 PM
Bid Security Validity Period	30 days beyond bid validity period (i.e. 2079-06-12 BS, 2022-09-28 AD)
Account Number for bid document Purchase	Name of the Bank:- Mega Bank Limited, Mathagadhi Branch Account no :- 3100010000162
Account Number for bid security deposit	Name of the Bank:- Mega Bank Limited, Mathagadhi Branch Account no :- 31000010000300

1. Bidder may download the bidding documents and submit their bids electronically through www.bolpatra.gov.np/egp as specified in the Bid document.
2. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
3. Other mandatory information as per PPA and PPR.
4. After the completion of bid evaluation the letter of intent will be published on office website (www.mathagadhimun.gov.np)

Chief Administrative Officer
Mathagadhi rural Municipality office

भूमिकास्थान नगरपालिका नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची।

सिलवन्दी दरभाउपत्र आह्वान

प्रथम पटक प्रकाशितमिति २०७९/०२/१८

भुमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाची अन्तर्गत तपसिल बमोजिमका निर्माण कार्यको सिलवन्दी दरभाउपत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात तालिकामा उल्लेखित मिति सम्म आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००१३ जि.ई खातामा नगद जम्मा गरेको सक्कल भौचर सहित यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।
२. खरिद भएको बोलपत्र/दरभाउपत्रफारामहरुमाउल्लेख भएकाभर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामाउल्लेखितमिति र समयसम्म यस कार्यालयमादर्ता गराउनु पर्नेछ। दर्ता भएकाबोलपत्र/दरभाउपत्रहरु उपस्थितबोलपत्र/दरभाउपत्रदाताएवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमानिम्नानुसारको मिति र समयमाखोलिनेछ।
३. सिलबन्दी बोलपत्र/दरभाउपत्रफाराम साथतपसिलमाउल्लेखितजमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित सेञ्चुरी वैक हि.नं.०९००००००००४ जि.इखातामानगदजम्मा गरेको सक्कलभौचर वा यस कार्यालयको नाममाजारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्रनिम्नानुसारको म्यादभएको बैंक ग्यारेन्टी (बिडबण्ड) को सक्कलप्रति पेश गर्नुपर्नेछ।
४. सिलबन्दी बोलपत्र/दरभाउपत्रखरिद गर्ने/दर्ता गर्ने अन्तिमदिन सार्वजनिकविदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिनहुनेछ।
५. यसमाउल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएकाशर्तहरु प्रचलितकानूनबमोजिमहुनेछ।
६. अन्यकुनै कुरा बुझ्नु परेमाकार्यालय समय भित्र९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९६/९८५७०६९९८९ मा सम्पर्क गर्नवा bhumikasthanmunicipality@gmail.comमा पठाउन सकिनेछ।
७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडवण्ड रकम, मान्यअवधि, खरिद र दाखिलागर्ने अन्तिममितिको विवरण निम्नअनुसार छ।

तपसिल

ठेक्का नं.	ठेक्काको नाम	बोलपत्र/दरभाउपत्र दस्तुर रु.	लागत रकम (मु.अ.कर समेत)	विडबण्ड रकम रु.	विडबण्ड मान्य अवधि	खरिद अन्तिम मिति र समय	दाखिला गर्ने मिति र समय	खोल्ने मिति र समय
69/BMA/W/RM/2078/079	बेल्बोट डांडागाउं सडक मर्मत	१०००.००	९९९९८९.९	२५०००	७५ दिन	२०७९/०३/०१ कार्यालय समय भित्र	२०७९/०३/०२ १२:००बजे भित्र	२०७९/०३/०२ दिउँसो १:००बजे
70/BMA/W/RM/2078/079	धारापानी ढाकाबांग सडक मर्मत	१०००.००	९९९८६९.०	२५०००				
71/BMA/W/RM/2078/079	उपल्ला पोखरा भूमेकाथान पिपल नेटा उपल्लो ढाकावांग सडक मर्मत	१०००.००	९९९९६४.०	२५०००				
72/BMA/W/RM/2078/079	लात्तेबांझ चिउरा माटी सिउडेनी सडक मर्मत	१०००.००	८९९९७८.०	२२५००				
73/BMA/W/RM/2078/079	पिहाले भेस्के सुरसिङ डडुवा सडक मर्मत	१०००.००	८९९९८८.६	२२५००				